**<u>मिति २०८०/०७/१९  गते आइतबार १४७औं कार्यपालिका बैठक</u>**

**<u>प्रस्तावहरु:</u>**

१. चाडपर्वको शुभकामना सम्बन्धमा।

२. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।

३. घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को प्रथम त्रैमासिक प्रगति समिक्षा कार्यक्रमको प्रतिवेदन अनुमोदन सम्बन्धमा।

४. भुकम्प पिडितका लागि सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा।

५. सूचना तथा विज्ञापन उपलब्ध गराउने सम्बन्धमा।

६. किसान सुचीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

७. म्याद थप सम्बन्धमा।

८. आर्थिक सहयोग सम्बन्धमा।

- किरिया खर्च उपलब्ध गराउने सम्बन्धमा।(वडा नं. ३, ६,१६ र १९)
- लुम्बिनी प्रशिक्षण  केन्द्र घोराही दाङलाई आर्थिक सहयोग।
- विष्णु कला केन्द्र घोराही दाङलाई कार्यक्रम संचालनका लागि सहयोग।
- The United Youth Club Buka Ghorahi Dangलाई खेलकुद प्रतियोगिता  संचालनका लागि।
- LOFA Dang लाई वित्तीय साक्षरता कार्यक्रम संचालनका लागि आर्थिक सहयोग।
- माक्सवादी ज्ञानशाखा दाङलाई कार्यशाला संचालनका लागि आर्थिक सहयोग।
- जिल्ला प्रहरी कार्यालय दाङको गाडी मर्मतको भुक्तानीका लागि सहयोग।

९. दशनामीहरुको समाधी स्थल तारबारका लागि बजेट विनियोजन सम्बन्धमा।

१०. सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

११. सिमाना हेरफेर सम्बन्धमा।

**निर्णय नं. १**

नेपालीहरुको महान चाड शुभ दिपावली तिहार, नेपाल संवत् ११४४ तथा छठ पर्व २०८० को सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दाजुभाइ, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो । साथै चाडबाँडलाई तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन समेत नगरवासीहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखाबाट पेश भएको यस उपमहानगरपालिकाको आ.व. २०८०/८१को प्रथम त्रैमासिक प्रगती समिक्षा कार्यक्रमको प्रतिवेदन अनुमोदन गर्ने।

**निर्णय नं. ४**

यही मिति २०८० कार्तिक १७ गते जाजरकोट जिल्लामा केन्द्र विन्दु भई गएको भुकम्पमा परि घाइते हुनेहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्युहुनेहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरियो । साथै भुकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिम जिल्लाका भुकम्प पिडितहरुको सहयोगार्थ यस उपमहानगरपालिकाबाट जनप्रतिनिधि, शिक्षक लगायत सम्पूर्ण कर्मचारीहरुको एक दिन बराबरको सेवा सुविधा तथा तलबबाट कट्टी गरी रकम रु. १५,००,०००।– (पन्ध्र लाख) सहयोग स्वरुप उपलब्ध गराउने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाबाट पत्रपत्रिका मार्फत प्रकाशन गर्नुपर्ने सूचनाको दररेटको सम्बन्धमा यस कार्यालयमा विभिन्न विज्ञापन एजेन्सी तथा पत्रपत्रिकाबाट मौजुदा सूची दर्ता गर्ने क्रममा प्राप्त हुन आएका दररेट मध्ये कार्यालयको आवश्यकता अनुसार सबैभन्दा कम दररेट उपलब्ध गराउने विज्ञापन एजेन्सी तथा पत्रपत्रिकालाई सूचना उपलब्ध गराउने। साथै घोराही उपमहानगरपालिका भित्र केन्द्रीय कार्यालय भई प्रकाशन हुने राष्ट्रिय स्तरका स्थानीय दैनिक पत्रपत्रिकाहरुको प्रबर्द्धनका लागि पहुँच र गुणस्तरीयता समेतलाई मध्येनजर गर्दै समानस्तरका अन्य राष्ट्रिय पत्रिकाहरुको दररेट भन्दा १० प्रतिशतसम्म बढी दररेट भएपनि स्थानीय पत्रिकाहरुमा सूचना/विज्ञापन प्रकाशनका लागि उपलब्ध गराउन सकिने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको कृषि विकास शाखाको आ.व. २०८०/८१को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(सशर्त अनुदान) अन्तर्गत किसान सुचीकरण कार्यक्रम कार्यान्वयनका लागि यस उपमहानगरपालिकाको वडा नं. १३ र १८ वडा छनौट गरी किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार कार्याक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको नगरसभाको ११औं अधिवेशनबाट आ.व. २०७९/०८०को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका क्षेत्रभित्र गत आ.व. २०७९/०८० मा सञ्चालित विभिन्न आयोजनाहरु विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेका कारण योजनाहरुको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो तथा अन्तिम पटक म्याद थप गरिने मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/10/079/080 | चारकोठे भवन मा.वि. ढिकपुर | ओसिस कन्सट्रक्सन घोराही ११ | २०७९।१२।२६ | २०८०।०३।३१ | २०८०।०९।२८ |
| २ | NCB/WORKS/GSMC/05/079/080 | सडक विभागदेखि भिङ्ग्रेली चोकसम्म सडक पिच घोराही उमनपा वडा नं. १५ | जलजला मल्टीविजनेस कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०७९।११।३० | २०८०।०३।३१ | २०८०।०८।३० |
| ३ | NCB/WORKS/GSMC/06/079/080 | गैरागाउँ चोकदेखि कर्जाही चोकसम्म सडक पिच | श्री टि.के. इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि./राज निर्माण सेवा(जे.भी.) कोहलपुर ५, बाँके | २०७९।११।३० | २०८०।०३।३१ | २०८०।०९।२९ |

**निर्णय नं. ८**

८.१ घोराही उपमहानगरपालिका वडा नं. ३ बर्गदुवा शान्ति टोल बस्ने आक्रोश नेपालीको मिति २०८०।०३।२८ गते मृत्यू भएको र उहाँको परिवारको अवस्था सारै कमजोर रहेकोले मृतकको परिवारलाई काजकिरिया खर्च उपलब्ध गराइदिनुहुन भनि ३ नं. वडा कार्यालयको च.नं. ६२, मिति २०८०।०४।०८ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट रकम रु. १५,०००।– (पन्ध्र हजार) किरिया खर्च सहयोग स्वरुप उपलब्ध गराउने।

८.२ घोराही उपमहानगरपालिका वडा नं. ६ बस्ने सुमन चौधरीको मिति २०८०।०७।०२ गते मृत्यू भएको र उहाँको परिवारको अवस्था कमजोर रहेकोले मृतकको परिवारलाई काजकिरिया खर्च उपलब्ध गराइदिनुहुन भनि ६ नं. वडा कार्यालयको च.नं. ७१७, मिति २०८०।०७।१५ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट रकम रु. १५,०००।– (पन्ध्र हजार) किरिया खर्च सहयोग स्वरुप उपलब्ध गराउने।

८.३ घोराही उपमहानगरपालिका वडा नं. १९ बस्ने रमेश सवाइ मगरको मिति २०८०।०७।१२ गते मृत्यू भएको र उहाँको परिवारको अवस्था कमजोर रहेकोले मृतकको परिवारलाई काजकिरिया खर्च उपलब्ध गराइदिनुहुन भनि १९ नं. वडा कार्यालयको च.नं. २३६, मिति २०८०।०७।१६ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट रकम रु. १५,०००।–(पन्ध्र हजार) किरिया खर्च सहयोग स्वरुप उपलब्ध गराउने।

८.४ घोराही उपमहानगरपालिका वडा नं. १६ बस्ने केन्द्र बहादुर थापाको मिति २०८०।०६।०७ गते राती घरको छत खसी टाउकोमा घम्भिर चोट लागि उपचारको क्रममा मिति २०८०।०७।१३ गते मृत्यू भएको र उहाँको परिवारको अवस्था कमजोर रहेकोले मृतकको परिवारलाई काजकिरिया खर्च उपलब्ध गराइदिनुहुन भनि १६ नं. वडा कार्यालयको च.नं. १३३६, मिति २०८०।०७।१९ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट रकम रु. १५,०००।–(पन्ध्र हजार) किरिया खर्च सहयोग स्वरुप उपलब्ध गराउने।

८.५ विष्णु कला केन्द्र घोराही दाङको आयोजनामा लुम्बिनी प्रदेशको राजधानी भालुवाङ बजारमा चित्रकला प्रदर्शनी कार्यक्रम गर्न लागेको हुँदा केन्द्रको च.नं. २५, मिति २०८०।०७।०१ गतेको पत्रबाट आर्थिक सहयोगको लागि अनुरोध भई आएकोले  विष्णु कला केन्द्र घोराही दाङलाई उक्त कार्यक्रमका लागि घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट रकम रु. १०,०००।–(दश हजार) आर्थिक सहयोग उपलब्ध गराउने।

८.६ द युनाइटेड युथ क्लब बुकाले मिति २०८० कार्तिक २२ गतेदेखि चरिङ्गे कप फुटबल प्रतियोगिता संचालन गर्ने योजना रहेको र उक्त कार्यका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि क्लबको च.नं. ०३, मिति २०८०।०७।१२ गतेको पत्रमा माग गरेको हुँदा क्लबलाई प्रतियोगिता संचालनका लागि सहयोग स्वरुप रकम रु.१५,०००।– घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

८.७ लोफा दाङले मिति २०८०।०६।२९ गते वित्तीय साक्षरता कार्यक्रम संचालनका लागि आर्थिक सहयोग माग भई  आएकोले उक्त संस्थालाई वित्तीय साक्षरता कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रकम रु.१०,०००।–(दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

८.८ माक्सवादी ज्ञानशाला, दाङको आयोजनामा यही मिति २०८० कार्तिक २२ र २३ गते विजौरीमा सञ्चालन हुन गइरहेको वैचारिक सांस्कृतिक कार्यशालाका लागि ज्ञानशालाको च.नं. ०३, मिति २०८०।०७।१७ पत्रबाट आर्थिक सहयोगको माग भई आएकोले उक्त कार्यशालाका लागि सहयोग स्वरुप रकम रु.१०,०००।–(दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

८.९ जिल्ला प्रहरी कार्यालय घोराहीको गाडी नं. ७९७० शिव अटो मेन्टिनेन्स घोराही १४ दाङमा मर्मत भएको र उक्त मर्मत वापतको रकम रु. २,३७,९७८।–(दुई लाख सैतिस हजार नौ सय अठहत्तर) भुक्तानी गरी सहयोग गरिदिनुहुन भनि प्रहरी कार्यालयको च.नं. ६६३, मिति २०८०।०५।१८ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त रकम शिव अटो मेन्टिनेन्स घोराही १४ लाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

८.१० घोराही उपमहानगरपालिकाको मिति २०८०।०३।२४ गते बसेको १४२औं कार्यपालिका बैठकबाट वडा नं. ४ बस्ने जंग बहादुर सुनारको मृत्यूको काजकिरियाका लागि आर्थिक सहयोग वापत रकम रु.१५,०००।– निर्णय भएको र मिति २०८०।०६।१६ गते बसेको १४५औं कार्यपालिका बैठका निर्णय नं. ६ मा गत आ.व.मा कार्यपालिका बैठकबाट भएका आर्थिक सहयोगको भुक्तानी चालु आ.व.मा भुक्तानी दिने सम्बन्धी निर्णय समेत भएकोमा उक्त रकम भुक्तानीका लागि उहाँको परिवारमा बुहारी मन्जु सुनार मात्र रहेको र उहाँ भारतीय नागरिक भएकाले हालसम्म बैंक खाता नरहेको हुँदा उक्त सहयोग रकम वडा नं. ४ का भिम बहादुर कवर योगीको खातामा जम्मा गरीदिनुहुन भनि मन्जु सुनारले मन्जुरी समेत दिएकोले उक्त सहयोग रकम (मन्जु सुनारले पाउने गरी)घोराही उपमहानगरपालिका वडा नं. ४ का भिम बहादुर कवर योगीको खातामा भुक्तानी दिने।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको वडा नं. १४ झिगौंरा स्थित नेपाल दशनामी समाधि स्थलको तारबार तथा फलामको ढोका निर्माणका लागि बजेट व्यवस्था गरिदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. ८४१, मिति २०८०।०६।२९ गतेको पत्रबाट सिफारिस भई आएकोले उक्त समाधि स्थल निर्माणका लागि प्राविधिक लागत स्टमेट अनुसारको रकम रु.१,५०,०००।–(एक लाख पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी निर्माण गर्ने।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८०/०६/१४ र मिति २०८०।०७।१५ गते बसेको बैठकको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने।

१०.१ घोराही उप-महानगरपालिका वडा नं. १६ करौतीडांडा भित्र रहेका घाँसपात, फलफुल र ल्यान्डफिल साइटको नगल्ने फोहर ठेक्का दिन सूचना प्रकाशित गर्ने।

१०.२ घोराही उप-महानगरपालिका सरसफाई व्यवस्थापन शाखाले योगी आदिथ्यनाथ फाउन्डेसनमा बजार क्षेत्रमा छरिएर रहेका सामुदायिक पशु चौपाया पठाउने गरेको हुँदा उक्त पशु चौपाया व्यवस्थापनका लागि सहयोग स्वरुप रकम रु.१,५०,०००/(अक्षरुपीः एक लाख पचास हजार रुपैया) सरसफाई व्यवस्थापन शाखाको वार्षिक बजेटबाट उपलब्ध गराउने।

१०.३ घोराही उप-महानगरपालिका वडा नं. १४ गोर्खा टोल विकास संस्थाले फोहरमैला व्यवस्थापन कार्यविधि २०७४ बमोजिम पूर्ण रुपमा फोहर बर्गीकरण गरेको र सरसफाईको क्षेत्रमा उल्लेखनीय कार्य गरेको हुँदा घोराही उप-महानगरपालिकाद्वारा पूर्ण रुपमा फोहर वर्गीकृत टोल घोषणा सहित सम्पूर्ण टोलवासीलाई सधन्यबाद सम्मान पत्र प्रदान गर्ने।

१०.४ घोराही उप-महानगरपालिका सरसफाई व्यवस्थापन शाखाबाट फोहर संकलन कार्यमा प्रयोग भएको रा १ ग १३ नम्बरको टिप्पर २० बर्ष अवधि पुरा भएको उक्त गाडीको पार्ट्स स्थानीय बजारमा अभाब रहेको र मर्मत खर्च अत्याधिक हुने भएकोले प्रचलित कानुन बमोजिम लिलाम गर्ने साथै घोराही उप-महानगरपालिका वडा नं. १६ करौतीडाँडामा अवस्थित उर्जा विकास कम्पनीमा रहेको टिप्पर फोहर व्यवस्थापनका लागि मर्मत र इन्धन खर्च व्यहोर्ने गरी माग गर्ने।

१०.५ घोराही उप-महानगरपालिका फोहरमैला व्यवस्थापन कार्यविधि २०७४ पहिलो संशोधन २०७५ को दफा ८ को उपदफा (१) वमोजिम फोहरमैला व्यवस्थापन कार्यलाई सहज ढंगले सम्पादन गर्न नगरका विभिन्न निकाय तथा फोहरमैला व्यस्थापनको अवस्था अनुगमन गरी ति निकायलाई प्रभावकारी रुपले पूर्ण सरसफाई उन्मुख क्षेत्र बनाउन तपसिल बमोजिमका सरसफाई अनुगमन उप-समितिहरु गठन गर्ने।

**तपसिल**

| विद्यालय सरसफाई अनुगमन उपसमिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | सदस्यको नाम/ थर | पद | वडा नं. | मोबाइल |
| १ | श्री रचना कुमाल | संयोजक | १४ | |
| २ | श्री माया नेपाली | सदस्य | ५ | |
| ३ | श्री किरण पोखरेल | सदस्य | १८ | |
| होटल व्यवसाय अनुगमन उपसमिति | | | | |
| १ | श्री टिका कुमार श्रेष्ठ | संयोजक | १४ | |
| २ | श्री मदन कुमार न्यौपाने | सदस्य | १ | |
| ३ | श्री हिमा कुमारी पुरी | सदस्य | २ | |
| किराना पसल, ग्यारेज सरसफाई अनुगमन उपसमिति | | | | |
| १ | श्री लेखनाथ बुढाथोकी | संयोजक | १५ | |
| २ | श्री जागेश्वर घर्ति | सदस्य | १९ | |
| ३ | श्री सरस्वता देबी गौतम | सदस्य | ११ | |
| सरकारी कार्यालय अनुगमन उपसमिति | | | | |
| १ | श्री मान बहादुर जि.सी. | संयोजक | १० | |
| २ | श्री छबिलाल घर्ति | सदस्य | १ | |
| ३ | श्री सुनिता सुनार | सदस्य | १६ | |
| मठ मन्दिर सरसफाई अनुगमन उपसमिति | | | | |
| १ | श्री मोहनलाल खड्का | संयोजक | ६ | |
| २ | श्री भिमसेन थापा | सदस्य | १२ | |
| ३ | श्री युबराज सुवेदी | सदस्य | ३ | |
| सार्वजनिक स्थल सरसफाई अनुगमन उपसमिति | | | | |
| १ | श्री बिष्णु प्रसाद बिश्वकर्मा | संयोजक | ५ | |
| २ | श्री लौटन कुमार चौधरी | सदस्य | ७ | |
| ३ | श्री पूर्ण बहादुर डाँगी | सदस्य | ९ | |
| खोलानाला, सडक सरसफाई अनुगमन उपसमिति | | | | |
| १ | श्री चुरामणि चौधरी | संयोजक | ८ | |
| २ | श्री भद्रबिर चौधरी | सदस्य | १७ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री प्रज्ञा बुढा | सदस्य | १२ | |
| अस्पताल, पोलिक्लिनिक सरसफाई अनुगमन उपसमिति | | | | |
| १ | श्री बुद्धिराम शर्मा | संयोजक | १२ | |
| २ | श्री पुष्पा परियार रावत क्षेत्री | सदस्य | १४ | |
| ३ | श्री कृष्णादेबी राना | सदस्य | १५ | |
| पोल्ट्रीफर्म, बधशाला सरसफाई अनुगमन उपसमिति | | | | |
| १ | श्री शरद डि.सी. | संयोजक | ५ | |
| २ | श्री पदम प्रसाद पोखेल | सदस्य | ४ | |
| ३ | श्री राममकली घर्ति मगर | सदस्य | १३ | |

१०.६ घोराही उप-महानगरपालिका सार्वजनिक क्षेत्रमा फालिने फोहर नियन्त्रण गर्न दिगो फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्वंयमसेवक परिचालन कार्यविधि बनाई कम्तिमा ५ जना स्वयंसेवक परिचालन गर्ने।

१०.७ घोराही उप-महानगरपालिका वडा नं. १६ करौतीडांडामा रहेको ल्यान्डफिल साइटमा दिसाजन्य फोहर तथा लिचड व्यवस्थापन गर्न सम्बन्धित विषय विज्ञद्वारा अध्ययन तथा परामर्श लिई विज्ञको प्रतिवेदन अनुसार यस नगरपालिकाको जनशक्ति प्रयोग गरी योजना शाखाबाट बैज्ञानिक लिचड व्यवस्थापन प्लान्ट निर्माण गर्ने।

१०.८ घोराही उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयले नगरको फोहर संकलन तथा व्यवस्थापन गर्न निजि क्षेत्रलाई ठेक्का दिन उक्त विषय वस्तुको बारेमा समष्टिगत अध्ययन तथा प्रतिवेदन तयार गर्न उर्जा विकास कम्पनीलाई जिम्मा दिने र नगरको नगल्ने फोहर संकलन तथा व्यवस्थापन गर्न निजि क्षेत्रलाई ठेक्का प्रदान गर्न सूचना प्रकाशित गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको मिति २०७६।०९।१४ गते बसेको छैटौ नगरसभाको १५औं बैठकबाट वडा नं. ८ मा रहेको ढिकपुर गाउँलाई वडा नं. ९मा गाभ्ने सम्बन्धमा भएको निर्णय सहित आवश्यक कागजात संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौमा पठाउने।